# पर्यटकको कविता

सेता
भुवाहरु लगिदिनु छ
गुन्यु – चोली र खुकुरी पनि
दार्जीलिङबाट ।

भन्नु छ – दार्जीलिङको रेलको कथा
कञ्चनजङ्घाका शिरबाट
सेता अक्षरहरु टिपेर ।
★
च्याटिङ रुमभरि
उत्तेजना लथपथ छ
पोख्न मन लागेको छैन ।

ओछ्यान मिलाउँदा
मेरो सम्झना
उसको शरीरमाथि चढ्दो हो ।

– घाम चर्को लागेको छ
मेरो आङमाथि ।
★
सयपत्रीको गुच्छासितै उघ्रियो बिहान
बिहानको घाम सयपत्री जस्तै लाग्यो मलाई ।
★
रातो मधुरो बल्बबाट आएको उज्यालो रङ
गलामा बोकेर
आधा रातमा मेरो हात थामेर
गाइडले
मलाई के पिलाइन्

थानामा छु म ।
★

# फूल र संवेदन

........त्यसरी
नाङ्गो नफुल
ओ फूल ।
छोप् तेरो सुगन्धको सौन्दर्य
पातले ।
पातको वसन्तले ।

काँडाको मनमा
पाप पस्दै गइरहेछ । अहिले ।

सौन्दर्य भनेको नाङ्गो हुन्छ । तर
नाङ्गोपनबाट नै पत्रदल लाग्छ
परिभाषाको ।
रङ्ग चढ्छ ,
बैंस चढ्छ , तरङ्गहरुको अग्लोतिर ।
मलाई गल्नु छैन यति छिटो
शब्दस्खलनले
तेरो नाङ्गो सौन्दर्यको चर्को घाममा ।
बिस्तारै खोल् न
त्यो स्वर्ग सौन्दर्य
पातहरुले छेल्दै ।
पातमा चढेको त्यो रङ
बिस्तारो सरोस् मेरो आँखामा ।
त्यो रङ आगो होस् ।
जलोस् त्यसको रापले
मभित्रको दुष्ट ।

ईश्वर बनूँ म , एकलै ।
ओ फूल !

# विज्ञापनको विम्ब

प्रमाणपत्र थाप्दै आइरहेछन्
हुलकाहूल रक्तविम्ब

महेञ्जोदडो अनुहारको
विज्ञापनमा
हस्ताक्षर गर्दै ।

आदिम विम्ब उभिएको
इतिहासको
झ्याल ढोका तोडेर
घर पसेका रामेको अनुहार देखेर
रोमाञ्चित छन्
एकजोर फरेनर्स ।

रामेको स्वाभिमानको
स्केच गर्न नसकेको
रङ खेलाउँदै
हाइ काढ्दैछ डाँडाको एउटा हिउँद ।
नाङ्लो बुन्दै गरेकी बस्नेत बोजुका
एक इतिहास चाउरीहरु जस्तो
खुम्चेको
रामेको एक हत्केला वर्तमान
इमेल गर्न नसकेको माउस खेलाउँदै
लोक गीत गाउँदैछ गुराँसको एउटा मौसम ।

फूलमायाको झोलिएको स्तन र
आँगनभरि खसेका फलेदोका पहेंला पातहरु
सम्झेर लेख्न नसकेका कविता

हेर्दैछु म आफ्नो अनुहार ऐनामा ।
रक्तविम्बहरुको यो गाउँ
कति चुपचाप छ
यही चुपचापहरुको नयाँ विज्ञापन छु
म अहिले

ती फरेनर्सले चाल पाए कि पाएनन् कुन्नि
यो गोप्य बिम्ब
मेरो अनुहारबाट ।